आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# आलिताल गाउँपालिकाको आर्थिक ऐन, २०८१

आलिताल गाउँपालिका, डडेल्धुरा

आलिताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :　　　　संख्या :　　　　मिति : २०८१।०४।०१

भाग - १

## आलिताल गाउँपालिका

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाद्वारा तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

<u>आलिताल गाउँपालिकाको आर्थिक ऐन, २०८१</u>

गाउँ सभाबाट पारितः २०८१।३।१० गते

प्रमाणीकरण मितिः २०८१।०३।२० गते

प्रस्तावना : आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम आलिताल गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आलिताल गाउँपालिकाको आर्थिक ऐन २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि आलिताल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्वनाथपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

२. <u>सम्पत्ति कर</u> : गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम एकिकृत/सम्पत्ति कर/घर कर लगाइने र असूल उपर गरिनेछ ।

३. <u>भूमि कर (मालपोत)</u> : गाउँपालिका क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर लाग्ने छैन ।

४. <u>घर जग्गा वहाल कर</u> : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. <u>व्यवसाय कर</u> : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. <u>जडिबुटी, कवाडी र जीवजन्तु कर</u> : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. <u>सवारी साधन कर</u> : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-६ बमोजिम सवारी साधनमा कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाडँ गर्नुपर्नेछ ।

८. <u>विज्ञापन कर</u> : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाडँ गर्नुपर्नेछ ।

९. <u>मनोरञ्जन कर</u> : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची-८ बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाडँ गर्नुपर्नेछ ।



नरेन्द्र सिंह ठगुन्ना

१०. <u>वहाल बिटौरी शुल्क</u> : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूची-९ मा उल्लेख भए अनुसार वहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. <u>पार्किङ शुल्क</u> : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-१० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. <u>ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बञ्जी जम्पिङ्ग, जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क</u> : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, वञ्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची-११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. <u>सेवा शुल्क, दस्तुर</u> : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-१२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. <u>पर्यटन प्रवेश शुल्क</u> : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूची-१३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१५. <u>प्राकृतिक स्रोत कर</u> : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र माटो, गिट्टी, बालुवा र दहत्तर बहत्तरको संकलन अनुसूची-१४ मा उल्लेखित दरमा प्राकृतिक स्रोत कर लगाइने र असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम आलिताल गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा, प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

१६. <u>कर छुट</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाईएका दस्तुर शुल्क र करको दर घटाउन बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(३) उपदफा (१) बमोजिमको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण गाउँसभामा पेश गर्नुपर्नेछ ।

१७. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने : यस ऐनको कार्यान्वयनको क्रममा हड्ताल, प्राकृतिक विपद्को कारणले ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अडकाउ पर्न गएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार अवधी थप गर्न प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१९. निर्देशिका बनाउन सक्ने : यो ऐनको अधिनमा रहि गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

२०. बाधा नपर्ने : प्रचलित कानून बमोजिम असुल हुनुपर्ने राजश्व संकलनमा यस आर्थिक ऐनमा उल्लेख नभएको कारणले बाधा परेको मानिने छैन ।

अलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसूची - १
### सम्पत्ती कर

| क. सं. | करको विवरण | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | एकीकृत सम्पत्ती कर | - | ००।०० | विस्तृत अध्ययन/कार्यविधि तयार भएपछि लागु हुने |
| २. | सम्पत्ती कर (घरकर) | पक्की घर | १५०।०० | आर. सि. सि. |
| | | मध्यम पक्की घर | १००।०० | सिलेट वा टिनले छाएको |
| | | कच्ची घर | ५०।०० | काठ वा खरले छाएको |

- यस अनुसूची बमोजिमको सम्पत्ती करमा जरिवाना गर्दा जम्मा बक्यौतामा एक बर्षको १५ प्रतिशतको दरले हुन आउने रकम जोडिनेछ ।

## अनुसूची - २

### भूमिकर (मालपोत)

| क्र.सं. | जग्गाको विवरण | | क्षेत्रफल | वार्षिक प्रति रोपनी दस्तुर दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | बारी | अब्बल | (१० रोपनी भन्दा कम) | १५।- | |
| २. | | | (१० रोपनी भन्दा बढी) | २०।- | |
| ३. | | दोयम | (१० रोपनी भन्दा कम) | १०।- | |
| ४. | | | (१० रोपनी भन्दा बढी) | १५।- | |
| ५. | | सीम | (१० रोपनी भन्दा कम) | ७।- | |
| ६. | | | (१० रोपनी भन्दा बढी) | १०।- | |
| ७. | | चाहार | (१० रोपनी भन्दा कम) | ३।- | |
| ८. | | | (१० रोपनी भन्दा बढी) | ७।- | |
| ९. | खेत | अब्बल | (१० रोपनी भन्दा कम) | १५।- | |
| १०. | | | (१० रोपनी भन्दा बढी) | २०।- | |
| ११. | | दोयम | (१० रोपनी भन्दा कम) | १०।- | |
| १२. | | | (१० रोपनी भन्दा बढी) | १५।- | |
| १३. | | सीम | (१० रोपनी भन्दा कम) | ७।- | |
| १४. | | | (१० रोपनी भन्दा बढी) | १०।- | |
| १५. | | चाहार | (१० रोपनी भन्दा कम) | ५।- | |
| १६. | | | (१० रोपनी भन्दा बढी) | ८।- | |

- यस अनुसूची बमोजिम मालपोतमा जरिवाना गर्दा जम्मा बक्यौतामा एक बर्षको १५ प्रतिशतको दरले हुन आउने रकम जोडिनेछ ।

## अनुसूची — ३
### वहाल कर

| क.सं. | विवरण | दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १. | कोठा, घर वा जग्गा भाडा | कोठा वा घर जग्गा भाडाको १० प्रतिशत | |

- यस अनुसूची बमोजिम बहालकरमा जरिवाना गर्दा जम्मा बक्यौतामा एक बर्षको १५ प्रतिशतको दरले हुन आउने रकम जोडिनेछ ।



नरेन्द्र सिंह ठगुन्ना

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...पुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसूची - ४

## व्यवसाय कर

| क्र.सं. | व्यावसायको किसिम | विस्तृत विवरण | नयाँ दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | मदिराजन्य व्यावसाय | वितरक | ७५०००।- | १५०००।- | |
| | | थोक | ५००००।- | १००००।- | |
| | | खुद्रा | २५०००।- | ५०००।- | |
| २. | सुर्तिजन्य व्यावसाय | वितरक | १००००।- | ५०००।- | |
| | | थोक | ५०००।- | २५००।- | |
| | | खुद्रा | ३०००।- | १५००।- | |
| ३. | चिसो पेय पदार्थ | वितरक | २०००।- | १०००।- | |
| | | थोक | १५००।- | ७५०।- | |
| | | खुद्रा | १०००।- | ५००।- | |
| ४. | सुन चाँदी पसल | थोक | २५००।- | १२५०।- | |
| | | खुद्रा/मर्मत | १५००।- | ७५०।- | |
| ५. | औषधी पसल | थोक | ३०००।- | १५००।- | |
| | | खुद्रा | २०००।- | १०००।- | |
| | | आयुर्वेदिक | ५००।- | ३००।- | |
| ६. | एग्रोभेट पसल | थोक | २०००।- | १०००।- | |
| | | खुद्रा | १०००।- | ५००।- | |
| ७. | स्टेशनरी/पुस्तक पसल | थोक | १५००।- | ७५०।- | |
| | | खुद्रा | १०००।- | ५००।- | |
| ८. | मोटर पाटर्स | थोक | ५०००।- | २५००।- | |
| | | खुद्रा | २०००।- | १०००।- | |
| ९. | कपडा/फैन्सी/व्याग/जुत्ता/धगो टाँक/ कस्मेटिक पसल | थोक | २०००।- | १०००।- | |
| | | खुद्रा | १०००।- | ५००।- | |
| १०. | इलेक्ट्रोनिक्स, मोबाईल, घडी, क्यामेरा, भिडियो पसल | थोक | ३०००।- | १५००।- | |
| | | खुद्रा | १५००।- | ७५०।- | |
| ११. | विद्युत सामग्री पसल | थोक | ४०००।- | २०००।- | |



नरेन्द्र सिंह ठगुन्ना

| | | | | | |
|---|---|---|---|---|---|
| | | खुद्रा | २०००।- | १०००।- | |
| १२. | हार्डवेयर (मेसिनरी, स्यानिटरी, डेन्टिङ पेन्टिङ, मार्बल सिमेन्ट, सरिया, कर्कट पाता, प्लाईबोर्ड) | थोक | ५०००।- | २५००।- | |
| | | खुद्रा | ३०००।- | १५००।- | |
| १३. | भाडाकुडाँ पसल | थोक | २०००।- | १०००।- | |
| | | खुद्रा | १५००।- | ७५०।- | |
| | | माटाको भाडाँ पसल | निःशुल्क | निःशुल्क | |
| १४. | पेट्रोलियम पदार्थ विक्रेता | पेट्रोल पम्प | ५०००।- | २५००।- | |
| | | पेट्रोल बिक्री केन्द्र | २०००।- | १०००।- | |
| | | ग्यास सिलिन्डर सब डिलर | २०००।- | १०००।- | |
| | | मट्टितेल मात्र बिक्री | १०००।- | ५००।- | |
| १५. | फर्निचर व्यवसाय | थोक | ३०००।- | १५००।- | |
| | | खुद्रा | २०००।- | १०००।- | |
| १६. | सिलाई कटाई पसल | आधुनिक टेलरिङ | २०००।- | १०००।- | |
| | | हाते मेसिन | १०००।- | ५००।- | |
| १७. | किराना पसल | थोक | २०००।- | १०००।- | |
| | | खुद्रा | १०००।- | ५००।- | |
| १८. | फलफुल तथा तरकारी पसल | थोक | १०००।- | ५००।- | |
| | | खुद्रा | ५००।- | ३००।- | |
| १९. | बेवि सप/ गिफ्ट/खेलौना पसल | थोक | १०००।- | ५००।- | |
| | | खुद्रा | ५००।- | ३००।- | |
| २०. | स्नुकर तथा पुल हाउस | | १०००।- | ५००।- | |
| २१. | पेन्टर तथा साइन बोर्ड छपाई | | १०००।- | ५००।- | |
| २२. | फ्रेस हाउस (माछा, मासु) बिक्री पसल | | २०००।- | १०००।- | |

**उत्पादनमूलक उद्योग सम्बन्धी :**

| क्र.सं. | उत्पादनमुलक उद्योग | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|---|



नरेन्द्र सिंह ठगुन्ना

| | | | | | |
|---|---|---|---|---|---|
| २३. | कृषि/मौरीपालन/नर्सरी व्यवसाय | | ५००।- | ५००।- | |
| २४. | पशुपालन/ माछापालन व्यवसाय | | ५००।- | ५००।- | |
| २५. | बंगुर/पोल्ट्री फार्म | | १०००।- | ५००।- | |
| २६. | बहुउद्देशीय ब्यवसाय तथा फर्म | | २०००।- | १०००।- | |
| २७. | छपाई तथा प्रकाशन | अफसेट प्रेस | २०००।- | १०००।- | |
| | | साधारण प्रेस | १०००।- | ५००।- | |
| २८. | फर्निचर उद्योग | | १००००।- | ५०००।- | |
| २९. | गार्मेन्ट उद्योग | कपडा/सिरक/डसना उद्योग | २०००।- | १०००।- | |
| | | जुत्ता/ढाकाटोपी/ पस्मिना उद्योग | १०००।- | ५००।- | |
| ३०. | आल्मुनियम/ग्रिल/रेलिङ्ग/यु. पि. भि.सि./वेल्डिङ्ग उद्योग | | २०००।- | १०००।- | |
| ३१. | कुटिर उद्योग | (अगरबत्ती/ मैनबत्ती/ टीकी/ अचार आदि) | ५००।- | ३००।- | |
| ३२. | प्रशोधन केन्द्र | | २०००।- | १०००।- | |
| ३३. | कोल्ड स्टोर | | १०००।- | ५००।- | |
| ३४. | कुटानी पिसानी वा पेलानी मिल/ मसला उद्योग | एउटै संरचनामा भए एक मात्र कर लाग्ने | १०००।- | ५००।- | |
| ३५. | डेरी उद्योग | संकलक | ५००।- | ३००।- | |
| | | वितरक | ३००।- | २००।- | |
| ३६. | बेकरी उद्योग | कुकिज नुडल्स | १०००।- | ५००।- | |
| | | दालमोठ, पाउरोटी, चाउमीन, चमेना | १०००।- | ५००।- | |
| | | पापड, चिप्स, फिगर | १०००।- | ५००।- | |
| ३७. | बनजन्य उद्योग | स:मिल प्लाईउड उद्योग | ५०००।- | २५००।- | |



नरेन्द्र सिंह ठगुन्ना

| | | | | | |
|---|---|---|---|---|---|
| | | काठ बिक्री डिपो | ३०००।- | १५००।- | |
| ३८. | खोटो तथा गैर काष्ठ उद्योग | | १०००।- | ५००।- | |
| ३९. | निर्माण सामग्री उत्पादन उद्योग | क्रसर/कन्क्रीट/ईटा भट्टा/ब्लक उद्योग | ५०००।- | २५००।- | |
| ४०. | सुर्तिजन्य उद्योग | | ५०००।- | २५००।- | |

सेवा उद्योग सम्बन्धी :

| क्र. सं. | सेवा उद्योग | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| ४१. | निर्माण सेवा | 'घ' बर्गको इजाजतपत्र | २५०००।- | ३०००।- | |
| ४२. | ढुवानी तथा यातायात सेवा | व्यक्तिगत वा संस्थागत (समिति) | २०००।- | १०००।- | |
| ४३. | विशेषज्ञ, परामर्श तथा व्यवसायिक सेवा | चिकित्सक | २०००।- | १०००।- | |
| | | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | २०००।- | १०००।- | |
| | | कानून व्यवसायी ल फर्म | २०००।- | १०००।- | |
| | | लेखापरीक्षण व्यवसायी | २०००।- | १०००।- | |
| | | दन्त चिकित्सक | २०००।- | १०००।- | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००।- | १०००।- | |
| | | पशु चिकित्सक डाक्टर | २०००।- | १०००।- | |
| | | घर/जग्गा व्यवसायी | २०००।- | १०००।- | |
| | | रोजगार सेवा | २०००।- | १०००।- | |
| ४४. | होटल/लज/ रेष्टुरेन्ट | होटल र लज | २०००।- | १०००।- | |
| | | भोजनालय | १०००।- | ५००।- | |
| | | मिठाई पसल | ५००।- | ३००।- | |
| | | पार्टी प्यालेस | २५००।- | १५००।- | |
| | | रेष्टुरेन्ट बार | २०००।- | १०००।- | |
| | | चिया र खाजा पसल | ५००।- | ३००।- | |
| | | बिर्को खोली मदिरा बिक्री पसल | ३०००।- | १५००।- | |
| ४५. | सञ्चार सेवा | एफ.एम.प्रसारण | २०००।- | १०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | केवुल च्यानल प्रसारण | २०००।- | १०००।- | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० | ५००।- | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १०००।- | ५००।- | |
| | | कुरियर सेवा | ५००।- | ३००।- | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १०००।- | ५००।- | |
| ४६. | वित्तीय सेवा | वाणिज्य वैंक प्रति शाखा/कार्यालय | ५०००।- | २५००।- | |
| | | विकास वैंक प्रति शाखा/कार्यालय | ५०००।- | २५००।- | |
| | | फाइनान्स कम्पनी शाखा/कार्यालय | ३०००।- | १५००।- | |
| | | सहकारी संस्था प्रति शाखा/कार्यालय | १०००।- | ५००।- | |
| | | मनी ट्रान्सफर प्रति शाखा/कार्यालय | १५००।- | ८००।- | |
| | | विमा कम्पनी प्रति शाखा/कार्यालय | २०००।- | १०००।- | |
| | | लघु वित्त प्रति शाखा/कार्यालय | २०००।- | १०००।- | |
| ४७. | स्वास्थ्य सेवा | निजी अस्पताल तथा नर्सिङ्ग होम | ५०००।- | २५००।- | |
| | | क्लिनिक तथा ल्याब | २०००।- | १०००।- | |
| | | चस्मा पसल | १०००।- | ५००।- | |
| ४८. | शिक्षा सेवा (निजी) | क्याम्पस | २०००।- | १०००।- | |
| | | मा.वि. | १५००।- | ८००।- | |
| | | प्राथमिक/आधारभूत | १०००।- | ५००।- | |
| | | छात्रावास/ट्युशन सेन्टर | १०००।- | ५००।- | |
| | | पूर्व प्राथमिक/मन्टेश्वरी | ५००।- | ३००।- | |
| | | कम्प्युटर/नृत्यकला सिकाइ केन्द्र | १०००।- | ५००।- | |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १०००।- | ५००।- | |
| ४९. | मर्मत सम्भार | डेन्टिङ्ग पेन्टिङ्ग | ५००।- | ३००।- | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी, जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक्स मर्मत) | ५००।- | ३००।- | |
| | | मोटरसाइकल मर्मत | ५००।- | ३००।- | |
| | | चार पांग्रे सवारी साधन मर्मत | १०००।- | ५००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५०. | व्यक्तिगत केयर सेवा | ड्राइ क्लिन/ब्युटी पार्लर/सैलुन | ५००।- | ३००।- | |
| ५१. | टेन्ट हाउस | | १००००।- | ५०००।- | |
| ५२. | सटरिङ्ग | | १०००।- | १०००।- | |
| ५३. | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।- | १०००।- | |
| | | स्थानीय | १०००।- | ५००।- | |
| ५४. | संस्था दर्ता | प्रतिष्ठान, धार्मिक संस्था, क्लव | ५००।- | ३००।- | |
| | | संस्था, समुह, समिति, सहकारी | ५००।- | ३००।- | |
| | | साना किसान सहकारी संस्था | १०००।- | ५००।- | |
| | | बचत तथा ऋण सहकारी संस्था | २५००।- | १२५०।- | |
| | | बहुउद्देशिय सहकारी संस्था | ५०००।- | २५००।- | |
| ५५. | कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भई व्यावसाय संचालन अनुमति दर्ता दस्तुर | १ लाख सम्मको अधिकृत पूँजी भएको | १०००।- | ५००।- | |
| | | १ लाख देखि २५ लाख सम्मको अधिकृत पूँजी भएको | ५०००।- | २५००।- | |
| | | २५ लाख देखि ५० लाख सम्मको अधिकृत पूँजी भएको | १००००।- | ५००।- | |
| | | ५० लाख देखि १ करोड सम्मको अधिकृत पूँजी भएको | १५०००।- | ७५००।- | |
| | | १ करोड देखि १० करोड सम्मको अधिकृत पूँजी भएको | २००००।- | १००००।- | |
| | | १० करोड भन्दा माथी जति सुकै अधिकृत पूँजी भएपनि | ३००००।- | १५०००।- | |
| | | कृषि सम्बन्धी व्यवसाय गर्ने जति सुकै अधिकृत पूँजी भएपनि | २०००।- | १०००।- | |
| ५६. | खानी, मुहान, बन दर्ता | उपभोक्ता समिति | १०००।- | ५००।- | |
| ५७. | अन्य व्यवसाय | यस अनुसूचीमा नखुलेको व्यवसाय | १०००।- | ५००।- | |

- यस अनुसूची बमोजिमको व्यवसाय करमा जरिवाना गर्दा जम्मा बक्यौतामा एक बर्षको १५ प्रतिशत का दरले हुन आउने रकम जोडिनेछ ।

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसूची - ५
## कवाडी र वस्तुभाउ निकासी कर

| क्र.सं. | करको विवरण | ईकाई | दस्तुर दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | कवाडी कर | प्रति कि.ग्रा. | १।- | |
| २. | सुँगुर, बङ्गुर, बोका, खसी | प्रति गोटा | १००।- | |
| ३. | राँगा, भैसी, जर्सिगाई | प्रति गोटा | ५००।- | |
| ४. | पाठा पाठी बाख्रा | प्रति गोटा | ५०।- | |
| ५. | हाँस कुखुरा | प्रति गोटा | १०।- | |

आलिताल गाउँपालिका, डडेल्धुरा



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

अनुसुची — ६
सवारी साधन कर

| क्र.सं. | करको विवरण | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १. | - | - | - |

आलिताल गाउँपालिका, डडेल्धुरा

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसुची — ७
## विज्ञापन कर

| क.सं. | करको विवरण | प्रति विज्ञापन दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखे वांपत ब्रार्षिक | १०००।- | |

आलिताल गाउँपालिका, डडेल्धुरा

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

अनुसुची — ८

मनोरञ्जन कर

| क.सं. | करको विवरण | दस्तुर दर रु | कैफियत |
|---|---|---|---|
| १. | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | - | - |
| २. | जादु सर्कस चटक आदिमा | - | - |

आलिताल गाँउपालिका, डडेल्धुरा

नरेन्द्र सिंह ऊगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

अलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसुची — ९
## वहाल विटौरी कर

| क.सं. | करको विवरण | | दस्तुर दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | टहरो छाप्रोको | मासिक | १०००।- | |
| २. | घुम्ती व्यवसाय | प्रतिदिन | ५०।- | |
| ३. | ठेला व्यवसाय | मासिक | ३००।- | |
| ४. | मेला/कार्यक्रममा लाग्ने स्वदेशी पसल | प्रति कार्यक्रम | ५००।- | |
| ५. | मेला/कार्यक्रममा लाग्ने स्वदेशी पसल | प्रति कार्यक्रम | २०००।- | |
| ६. | हाटबजार कर | वार्षिक ठेक्का | २५०००।- | |

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची — १०
पार्किङ्ग शुल्क

| क.सं. | करको विवरण | ईकाई | दस्तुर दर रु | कैफियत |
|---|---|---|---|---|
| १. | बस, ट्रक, लरी, हेभी गाडी, टयाक्टर, जीप | प्रतिदिन | ५०।- | |
| २. | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन | प्रतिघण्टा | १०।- | |
| नोटः पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्नेछ । | | | | |

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची — ११

ट्रेकिङ्ग, कोयोकिङ, क्यउनोइङ्ग, बन्जी जम्पिङ्ग, जिफ्लायर र न्यापटीङ्ग शुल्क

| क.सं. | करको विवरण | दस्तुर दर रु | कैफियत |
|---|---|---|---|
| १. | - | - | - |

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका, डडेल्धुरा

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलखालपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसुची — १२

### सेवा शुल्क दस्तुर

**सिफारिस र प्रमाणितः**

| क.सं. | विवरण | विस्तृत विवरण | दस्तुर दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | घर जग्गा नामसारी सिफारिस | | ७००।- | |
| २. | दान वा बकसपत्र सिफारिस | | ३००।- | |
| ३. | अंशबण्डा सिफारिस | | ५००।- | |
| ४. | कित्ताकाट सिफारिस | | ३००।- | |
| ५. | जग्गा धनीपुर्जा हराएको सिफारिस | | ३००।- | |
| ६. | जग्गा दर्ता सिफारिस | प्रति रोपनी | ५००।- | |
| ७. | अपुताली सिफारिस | | ५००।- | |
| ८. | मोही लगतकट्टा सिफारीस | ५ रोपनी सम्मको | ३००।- | |
| | | ५ रोपनी भन्दा माथिको | ५००।- | |
| ९. | घर कायम सिफारीस | पक्की घर | ५००।- | |
| | | कच्ची घर | २००।- | |
| १०. | भोगचलन प्रमाणित | | ३००।- | |
| ११. | सर्जमिन सिफारीस दस्तुर | दैवी प्रकोप, मृत्यु विपदमा नलाग्ने | ३००।- | कार्यालयमा |
| | | | ५००।- | फिल्डमा |
| १२. | छात्रबृत्ति, सिफारिस | | १०००।- | |
| १३. | बसोबास सिफारिस | अस्थायी | १००।- | |
| | | स्थायी | २००।- | |
| १४. | नागरिकता सिफारिस | वंशज | १००।- | |
| | | अंगिकृत | ३००।- | |



नरेन्द्र सिंह ठगुन्ना

| | | | | |
|---|---|---|---|---|
| १५. | विद्युत जडान सिफारिस | | २००।- | |
| १६. | धारा जडान सिफारिस | | १५०।- | |
| १७. | जीवित रहेको सिफारिस | | १५०।- | |
| १८. | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्म मिति संशोधन सिफारिस | | १५०।- | |
| १९. | जन्ममिति प्रमाणित | | १००।- | |
| २०. | नाबालक परिचय पत्र सिफारिस | | १००।- | |
| २१. | व्यवसाय दर्ता/नवीकरण सिफारिस | १ लाख सम्म वा रकम नखुलेको | ५००।- | |
| | | १ लाख देखि ५ लाख सम्मको | ७५०।- | |
| | | ५ लाख देखि १० लाख सम्मको | १०००।- | |
| | | १० लाख देखि माथि | १२५०।- | |
| २२. | व्यवसाय सञ्चालन नभएको वा व्यापार व्यवसाय नभएको सिफारिस | | ५००।- | |
| २३. | उद्योग/व्यवसाय बन्द सिफारिस | | ५००।- | |
| २४. | उद्योग/व्यवसाय ठाउँसारी सिफारिस | | ५००।- | |
| २५. | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि सिफारिस | संस्थागत | १०००।- | |
| | | सामुदायिक | ५००।- | |
| २६. | विद्यालय ठाउँसारी सिफारिस | संस्थागत | १०००।- | |
| | | सामुदायिक | ५००।- | |
| २७. | संरक्षक सिफारिस | व्यक्तिगत | १००।- | |
| | | संस्थागत | २००।- | |

आलिताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ...पुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २८. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | १००।- | |
| २९. | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | (आम्दानी प्रमाणित) | ५००।- | |
| ३०. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निशुल्क | |
| ३१. | एकल महिला प्रमाणित | | निशुल्क | |
| ३२. | विपन्न र असहाय विद्यार्थी छात्रवृति सिफारिस | | नि:शुल्क | |
| ३३. | अपाङ्गता भएको सिफारिस | | नि:शुल्क | |
| ३४. | कोर्ट फी मिनाहा सिफारिस | | निशुल्क | |
| ३५. | स्वास्थ्य उपचारको सिफारिस | निशुल्क उपचारको लागि | निशुल्क | |
| | | सशुल्क उपचारको लागि | १००।- | |
| ३६. | संस्था, समूह, क्लब, सिमिति, सहकारी संस्था वा खानी, मुहान, बन दर्ता सिफारिस | | २००।- | |
| ३७. | नाता प्रमाणित | मृतक वा जीवितसँगको | ३००।- | |
| ३८. | जग्गा मुल्याङ्कन सिफारिस / प्रमाणित | प्रतिलाख | १००।- | |
| ३९. | चारकिल्ला प्रमाणित | | ३००।- | |
| ४०. | घर बाटो प्रमाणित | बाटो भएको | ५००।- | |
| ४१. | विवाह/अविवाहित प्रमाणित | | २५०।- | |
| ४२. | मृत्यु प्रमाणित | | २००।- | |
| ४३. | कागज/मञ्जुरिनामा प्रमाणित | | ३००।- | |
| ४४. | हकवाला/ हकदार/अंशियार प्रमाणित | | २५०।- | |
| ४५. | सगोल प्रमाणित | | २००।- | |
| ४६. | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | ५००।- | |

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | कच्ची | २५०।- | |
| ४७. | नक्सापास निवेदन फाराम दस्तुर | | १००।- | |
| ४८. | घर नक्सापास दस्तुर (प्रति वर्ग फिट) | व्यवसायिक वा बजारको घर | ४।- | |
| | | निजी घर गाउँको | २।- | |
| ४९. | घर खाली गराउँदा प्रतिदिन | लागत वाहेक | २००।- | |
| ५०. | कोठा खान तलासी कार्यको रोहवरमा बस्ने सिफारिस | | १००।- | |
| ५१. | दलित, जनजाति, जात थर वा तिनपुस्ते प्रमाणित | | १००।- | |
| ५२. | अंग्रेजी भाषामा प्रमाणित वा सिफारिस | प्रत्येकको | ५००।- | |
| ५३. | यस अनुसूचीमा नतोकिएको अन्य सिफारिस वा प्रमाणित | | १००।- | |

- यस अनुसूची बमोजिम सिफारीस वा प्रमाणित पुनः आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनःलाग्नेछ।

| दर्ता शुल्क सम्बन्धी : | | | | |
|---|---|---|---|---|
| क्र.सं. | शिर्षक | विवरण | विलम्ब /दस्तुर रु. | कैफियत |
| ५४ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क | २००।- | |
| ५५ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क | २००।- | |
| ५६. | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क | २००।- | |
| ५७ | सम्बन्ध विच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क | २००।- | |
| ५८ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क | २००।- | |
| ५९ | घटनादर्ता प्रमाणपत्रको प्रतिलिपि | | ५००।- | |
| ६० | उजुरी/मुद्दा दर्ता दस्तुर | लैंगिक तथा घरेलु हिंसा सम्बन्धी | निशुल्क | |
| ६१. | अन्य उजुरी/मुद्दा दर्ता | | ५००।- | |
| ६२. | मौजुदा सूची दर्ता दस्तुर | | ५००।- | |
| ६३. | शिक्षा क्षेत्रको आम्दानी | विद्यालय खोल्ने अनुमती दस्तुर | २५००।- | प्रति कक्षा |
| | | मार्कसिट प्रतिलिपि दस्तुर | २५०।- | |



नरेन्द्र सिंह ठगुन्ना

| | | | | |
|---|---|---|---|---|
| | | कक्षा ८ को परिक्षा शुल्क (संस्थागत विद्यालय मात्र) | ३००।- | प्रति विद्यार्थि |
| ६४ | परिक्षा शुल्क (गाउँपालिका विज्ञापन मार्फत) | अधिकृत छैटौं वा सो सरह | १०००।- | |
| | | सहायक पाचौं वा सो सरह | ७००।- | |
| | | सहायक चौथो वा सो सरह | ५००।- | |
| | | श्रेणिविहिन | ३००।- | |
| ६५. | व्यवसाय वा संस्थादर्ता, प्रमाणपत्रको प्रतिलिपि, नामसारी, ठाँउसारी, दर्ता खारेजी वा लगतकट्टा दस्तुर | व्यवसाय वा संस्था जुनसुकै | ५००।- | |
| | | **अन्य दस्तुर :** | | |
| ६६. | योजना समझौता दस्तुर (गाउँपालिका कार्यालयबाट र अन्य निकायबाट संचालन हुने योजना तथा कार्यक्रम सिफारिसमा समेत) | १ लाख सम्म | निशुल्क | |
| | | १ लाख देखि ५ लाख सम्म | १०००।- | |
| | | ५ लाख भन्दा माथी १० लाख सम्म | १५००।- | |
| | | १० लाख भन्दा माथी २० लाख सम्म | २०००।- | |
| | | २० देखि ५० लाख सम्म | ५०००।- | |
| | | ५० लाख भन्दा माथि | १००००।- | |
| ६७. | गाउँसभा हल भाडा | प्रति कार्यक्रम, दिन | २०००।- | |
| ६८ | प्रोजेक्टर भाडा | प्रति कार्यक्रम, दिन | ५००।- | |
| ६९. | जेनेरेटर भाडा | प्रति कार्यक्रम, दिन | १०००।- | |
| ७० | साउण्ड सिस्टम भाडा | प्रति कार्यक्रम, दिन | १०००।- | |
| ७१. | फोटोकपी | प्रति पाना | ५।- | |
| ७२. | सरकारी कागजातको नक्कल | प्रति पाना | १०।- | |
| ७३. | गाउँपालिकाको क्याण्टिन भाडा | मासिक न्यूनतम पाँच हजार र सो माथि सम्झौता अनुसार | ५०००।- | |
| ७४ | आलिताल ताल क्याण्टिन भाडा | मासिक | २०००।- | |
| ७५ | गाउँपालिकाको जे.सि.बि. भाडा | तेल विना (प्रति घण्टा) | २०००।- | |
| | | तेल सहित (प्रति घण्टा) | ३०००।- | |

| भूमि सम्बन्धी समस्या समाधान अन्तरगत अव्यवस्थित बसोबासीहरुको जग्गा दर्ता सिफारिस शुल्क | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.न | बिबरण | घरेडी (मुख्य सडक) | घरेडी (शाखा सडक) | भित्री मधेश समतल | भिरालो पहाड | कैफियत |
| १. | १ रोपनि भन्दा कम | ४०००।- | २०००।- | १०००।- | ५००।- | |
| २. | १ देखि ५ रोपनी सम्म | ५०००।- | २५००।- | १०००।- | ५००।- | |
| ३. | ५ देखि १० रोपनी सम्म | | | १५००।- | ८००।- | |
| ४. | १० देखि १५ रोपनी सम्म | | | २०००।- | १०००।- | प्रति रोपनी |
| ५. | १५ देखि २० रोपनी सम्म | | | २५००।- | १३००।- | |
| ६. | २० देखि माथी | | | ३०००।- | १५००।- | |

- एउटै प्रकृतिको कामको सिफारिसको लागि वडामा शुल्क तिरिसकेको भए गाउँपालिकामा पुनः शुल्क लाग्ने छैन।
- टेन्डर शुल्क सार्वजनिक खरिद ऐन बमोजिम हुनेछ ।



नरेन्द्र सिंह ठगुन्ना

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| अनुसूची - १३<br>पर्यटन शुल्क (डुङ्गा सयर) | | | |
|---|---|---|---|
| क्र.सं. | करको विवरण | दस्तुर दर रु | कैफियत |
| १. | विद्यार्थी पर्यटकको लागि प्रति व्यक्ति | २०।- | |
| २. | स्वदेशी पर्यटकको लागि प्रति व्यक्ति | ५०।- | |
| ३. | विदेशी पर्यटकको लागि प्रति व्यक्ति | १००।- | |

आलिताल गाउँपालिका, डडेल्धुरा

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसूची - १४

### प्राकृतिक स्रोत बिक्री तथा निकासी कर

| क्र. सं. | प्राकृतिक स्रोतको विवरण | एकाई | दस्तुर दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | साल काठ/दाउरा | गाउँपालिका अन्तरगतका सामुदयिक बनहरुबाट बिक्री भएको काठ, दाउराबाट प्राप्त राजस्व रकमको १० प्रतिशत | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख बमोजिम कायम हुने । |
| २. | खयर, सिसौं काठ/दाउरा | | | |
| ३. | सल्लो तथा अन्य काठ/दाउरा | | | |
| ४. | खोटो | प्रति के.जी. | १।- | |
| ५. | बाँस निकासी | प्रति बाँस | १५।- | |
| ६. | तेजपात्ता, अल्लो, अमला, रिठा, काउलो, झ्याउ, च्याउ आदि | प्रति के.जी. | २।- | |
| ७. | ढुंगा गिट्टी वालुवा | प्रति घ.मी. | - | आई.ई.ई. रिपोर्ट बमोजिम |

आलिताल गाउँपालिका

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

अलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसूची - १५
### वहाल कर

| क्र.सं. | करको विवरण | दस्तुर दर रु | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका अन्तरगत विकास निर्माणका योजनाहरुमा व्याकहो-लोडर लगायतका हेवी उपकरण प्रयोग वापत वहाल कर | सम्बन्धित निर्माण कार्यको विलको १० प्रतिशतले हुन आउने रकम | |

आज्ञाले,
नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत